# रामेछाप जिल्ला अदालत

## मन्थली

(प्रशासन शाखा)

☎:-०४८-५४००३७ न्यायाधिश
:-०४८-५४०३३१ श्रेस्तेदार
Email: -infodcramechhap@dcourt.gov.np


मिति २०७७।०२।२५

सूचना सूचना सूचना

उपरोक्त सम्वन्धमा सम्मानित श्री उच्च अदालत पाटन ललितपुरको च.नं. ८९८ मिति २०७७।०२।२२ गतेको पत्रानुसार र यस अदालतमा मिति २०७७।०२।२५ गते बार, बेन्च र सरकारी वकिल वीच बसेको बैठकको निर्णयअनुसार यस अघि बन्दाबन्दीको अवधिमा गरिदै आइ रहेका कामकारवाहीलाई यथावत राखी देहायमा उल्लेखित थप काम कारवाहीहरु मिति २०७७।०३।०१ गते देखि सुनुवाइ तथा कार्य संचालन गर्ने भएकोले याहाहरु सवैका जानकारीको लागि अनुरोध छ ।

देहाय

१। न्याय सम्पादन र सुनुवाइमा अधिक समय नलाग्ने प्रकृयागत कार्यको रुपमा रहेको मिलापत्र, मुद्दा फिर्ता, पक्षले तारेख छोडेका डिसमिस र तामेली लगायतका कामकारवाही गर्ने ।

२। बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकी अभियोगपत्रमा दावी लिईएको सजाय भन्दा बढी कैद अवधि थुनामा बसेको वा बस्न सक्ने अवस्थामा प्रमाण बुझी अङ्ग पुगी सकेको फौजदारी मुद्दाको सुनुवाई प्रारम्भ गर्ने ।

३। अङ्ग पुगी सकेका र सुनुवाइका प्रकृयामा अदालतको आदेशले बाल सुधार गृहमा रहेका बालबालिका मात्र संलग्न रहेका फौज्दारी मुद्दा हेर्ने ।

४। जिल्ला अदालतबाट सम्पादन हुने बिशेष प्रकृतिका निवेदनहरु मध्ये दर्ताद्वारा बिवाह सम्वन्धी निवेदनको कामकारवाहीहरु अदालतको कार्य बोझ र सो कार्यका लागि उपस्थित हुन सक्ने सरोकारवालाको संख्या र स्वास्थ्य सुरक्षा समेतलाइ ध्यानमा राखी निश्चित संख्या तोकी हेरिने ।

५। कसुर कायम भै सजाय पुर्वको प्रतिवेदन प्राप्त भइसकेको र सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दाहरु सुनुवाई प्रारम्भ गर्ने ।

६। अर्ध न्यायिक निकायले गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७३ वमोजिम पर्न आएका निवेदनमा सुनुवाई गर्ने ।

७। दशीको रुपमा अभियोगपत्रसाथ पेश भै आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका सामान फिर्ता माग गर्न आएमा फिर्ता दिने ।

राम चन्द्र मंडल
श्रेस्तेदार